**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २८ मई २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. भाजपाका बरिस्ठ नेता एव प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम बङ्गालमा त्रिनामुल कांग्रेसका नेताहरूले गरेका सम्पूर्ण भ्रष्टाचारको जाच हुने बताउनु भएको छ।

२. लोकसभा चुनावको सातौ एवं अन्तिम चरणको प्रचार अभियान चरममा पुगेको छ।

३. भारत र लिबियाले द्विपक्षीय सम्बन्धलाई मजबुत बनाउन विभिन्न पक्षमा चर्चा गरेका छन्।

४. लोकसभा चुनावको सातौं तथा अन्तिम चरणको मतदान अघि चुनाउ आयोगले पश्चिम बङ्गाल राज्यका तीन पुलिस अधिकारीलाई हटाएको छ।

५. अन्तिम चरणको मतदान संचालन गर्ने मतदान कर्मीहरुको सुविधाका लागि पूर्वी रेलवेले सियालदह डिभिजनमा विशेष रेल चलाउने निर्णय लिएको छ।

**पश्चिम बङ्गाल -प्रधानमन्त्री**

भारतीय जनता पार्टीका वरिष्ठ नेता एवं प्रधानमन्त्री नरेन्द्र मोदीले आज पश्चिम बङ्गालको बारासात र बसीरहाट लोकसभा निर्वाचन क्षेत्रमा बिजेपी उम्मेदवारको समर्थनमा उत्तर २४ परगना जिल्लाको अशोक नगरमा आयोजित एक जनसभालाई सम्बोधन गर्नुभयो। उहाले तृणमूल कङ्ग्रेसमाथि प्रहार गर्नुहुदै भन्नु भयोए "आम मानिसबाट घूसको रूपमा लिइएको सबै पैसा फिर्ता गरिनेछ। पश्चिम बङ्गालमा टी.एम.सी. नेताहरूले गरेका सबै भ्रष्टाचारको जाच हुने बताउनु भएको छ। प्रधानमन्त्री श्री मोदीलेएश्कांग्रेस र इन्डी गठबन्धनले देशका आम जनताको वास्ता नगरेको आरोप लगाउनु हुदै पश्चिम बङ्गालमा २०१० पछि जारी गरिएको ओबीसी प्रमाणपत्र रद्द गर्ने कलकत्ता उच्च अदालतको हालैको फैसलाको स्मरण गर्दै श्री मोदीले टी.एम.सी.ले राज्यमा जनताको हितलाई बेवास्ता गरेको आरोप लगाउनु भयो । श्री मोदीले टी.एम..सी.ले रामकृष्ण मिशनए भारत सेवा श्रम संघ र अन्य हिन्दू संस्थाका भिक्षुहरूको अपमान गरेको पनि आरोप लगाउनु भयो। उहाले टी.एम.सी.ले सन्देशखालीका महिलाहरूको अपमान गरेको अनि कांग्रेस र तृणमूल कंग्रेसले पश्चिम बङ्गाललाई लुटेको आरोप लगाउनु भयो।चुनावी जनसभालाई सम्बोधन गर्नुहुदै पश्चिम बङ्गालमा मतुआ समुदायका मानिसहरूलाई सी.ए.ए अन्तर्गत नागरिकता प्रदान गरिएको बताउनु भयो।

****** ० ******

**प्रधानमंत्री नरेन्द्र मोदी चुनाव प्रचार**

प्रधानमन्त्री नरेन्द्र मोदी चुनाउ प्रचार समाप्त भएपछि आगामी ३० मई देखि कन्याकुमारीको तीन दिने यात्रामा जानुहुनेछ। यात्राको क्रममा श्री मोदीले रक मेमोरियलको भ्रमण गर्नुका साथै ध्यान मण्डपममा साधना गर्नुहुनेछ। उल्लेखीय छ यही ठाउँमा स्वामी विवेकानन्दले पनि ध्यान गरेका थिए।

****** ० ******

**लोकसभा चुनाव अन्तिम चरण**

लोकसभा चुनावको सातौ एवं अन्तिम चरणको प्रचार अभियान चरममा पुगेको छ। राजनीतिक दलका शीर्ष नेताहरुले जनसभा र रोड शो गरिरहेका छन्। यस चरणमा 1 जूनको दिन 8 राज्यका 57 सिटहरुमा मतदान हुनेछ। मतगणना 4 जूनमा हुनेछ स

****** ० ******

**भारत -लिबिया सम्बन्ध**

भारत र लिबियाले द्विपक्षीय सम्बन्धलाई मजबुत बनाउन विभिन्न पक्षमा चर्चा  गरेका छन्। भारतीय विदेश राज्यमन्त्री भी. मुरलीधरनले लिबियाका राजनीतिक मामिला उपमन्त्री महामहिम मोहम्मद खलील इसासँग नयाँ दिल्लीमा बैठक गर्नुभएको छ। श्री मुरलीधरनले सामाजिक सञ्जाल मार्फत श्बैठकको  क्रममा दुवै पक्षले दुई देशबीचको सहयोगलाई थप मजबुत बनाउन आगामी कदमबारे पनि चर्चा  गरिएको जानकारी दिनुभएको छ ।

****** ० ******

**प्रवर्तन निदेशालय (ईडी)- शेख शाहजहाँ**

प्रवर्तन निदेशालय (ईडी)-ले सन्देशखाली मामिलामा कुख्यात शेख शाहजहाँ र  उनका इ आलमगीर विरूद्ध जमीन घोटाला मामिलामा चार्जशीट दर्ता गरेको छ। यसमा आश्चर्यचकित पार्ने खुलासा भएको छ। केन्द्रिय एजेन्सीले दाबी गरेको छए  शाहजहाँले १८० बीघा जमीनमा  कब्जा गरेका छन्।शाहजहाँ र उसका भाइ बाहेक उनीहरूको अत्यन्त निकटवर्ती शिव प्रसाद हाजरा अनि दिदार बख्श मोल्लाको नाम समेत चार्जशीटमा जोड़िएको छ। हालैमा यिनीहरू सबैको १४  करोड़ रुपियाँको सम्पत्ति 'अट्याच' गरिएको थियो। यस मामिलामा चारजनालाई पक्राउ गरिनको साथै ईडीले २८८ करोड़ रुपियाँको सम्पत्तिलाई 'प्रोसिड अफ क्राइम' चिन्हित गरेको छ।ईडीले आफ्नो चार्जशीटमा बताएको छए  तृणमूल कंग्रेसका निलम्बित नेता शेख शाहजहाँले सन्देशखाली र यस वरिपरिको १८० बीघा जमीनमाथि कब्जा गरेर २६१  करोड़ रुपियाँ आर्जन गरेको छ । चार्जशीटमा सीबीआईको छापामारीमा सन्देशखालीबाट जफत गरिएको हतियारहरूको पनि उल्लेख गरिएको छ। अपराधको आयको रूपमा जुन २६१  करोड़ रुपियाँ अनुमान लगाइएको छ त्यसबाट ईडी २७  करोड़ रुपियाँ जफत गर्न सफल भएको छ।ष

****** ० ******

**पश्चिम बंगाल- रेमल**

पश्चिम बंगालमा चक्रवाती तुफान  रेमलले व्यापक विनाशलिला मचाएको छ। यस तुफानको चपेटमा परेर ६  जनाको मृत्यु भएको छ। राज्यका २४ प्रखण्ड र ७६ नगरपालिका वार्डमा लगभग २६ हजार ५ सय  घर आंशिक र पूर्णरूपमा क्षतिग्रस्त भएका छन्। यसमा अधिकांश दक्षिण तटीय क्षेत्र सामेल छन्। आपदा प्रबन्धन विभागका एक अधिकारीले उक्त जानकारी दिएका छन् । उनले अझ बताए अनुसारए  राज्यका विभिन्न ठाउँहरूमा दुई हजार १ सय ४० भन्दा धेरै रुख उखेलिएका छन् र लगभग एक हजार ७ सय  बिजुलीका खाम्बाहरू ढलेका छन्। शुरूआती आकलनमा २७ हजार घर आंशिक रूपमा र दुई हजार ५ सय  घर पूर्णरूपमा क्षतिग्रस्त भएका छन्। अझै पनि आकलन जारी रहेको छ। यस कारण आंकडा अझ बढ्न सक्छ। प्रशासनले दुई लाख सात हजार ६० जनालाई एक हजार ४३८ सुरक्षित आश्रयमा पुर्‍याएको छ। तटीय क्षेत्रहरूमा सबैभन्दा धेरै क्षति पुगेको छ।

****** ० ******

**चुनाव आयोग -पुलिस अधिकारी  निलम्बित**

लोकसभा चुनावको सातौं तथा अन्तिम चरणको मतदान अघि निर्वाचन आयोगले राज्यका तीन पुलिस  अधिकारीलाई हटाएको छ। चुनाउ  आयोगले आज  सार्वजनिक गरेको निर्देशिकामा यस आशयको  जानकारी दिइएको छ चुनाउ  आयोगले जारी गरेको सूचना अनुसार सुन्दरवनका पुलिस अधिक्षक  कोटेश्वर राव नालबाथए  बसीरहाट थाना अन्तर्गत एस.डी.पी.ओ मिनखान अमिनुल इस्लाम खान र रहड़ा  थानाका आई.सी देबाशीष सरकारलाई हटाइएको छ।

****** ० ******

**पूर्वी रेलवे**

अन्तिम चरणको मतदान संचालन गर्ने  मतदान कर्मीहरुको सुविधाका लागि पूर्वी रेलवेको सियालदह डिभिजनमा विशेष रेल चलाउने निर्णय गरिएको छ। पूर्वी रेलवे सूत्र अनुसार नामखाना-सियालदहको लागी  विशेष ट्रेन 1 जून राती   11.45 बजे नामखाना देखि प्रस्थान गर्नेछ  र  बिहान  2.20 बजे सियालदह पुग्नेछ। डायमंड हार्बर-सियालदह स्पेशल  जून २ तारिख  अपराह्न

1 बजे डायमंड हार्बर बाट प्रस्थान गरेर 2 बजेर 27 बजे सियालदह पुग्नेछ । कैनिंग-सियालदह स्पेशल 2 जून दिउसो 1 बजे कैनिंग बाट प्रस्थान गरेर दिउसो 2.05 बजे सियालदह पुग्नेछ।

****** ० ******

**चक्रवात रेमल**

रेमल चक्रवातका कारण आएको वर्षा र आधी हुरीका कारण यस्ता धेरै विद्यालयहरुमा क्षति पुगेको छ । निर्वाचन आयोगका एक उच्च अधिकारी अनुसार ४८ वटा मतदान केन्द्रमा क्षति पुगेको छ। यसको अधिकांश भाग २४ परगनाका दुई जिल्लामा पर्छ। यी दुई जिल्लामा सबैभन्दा धेर क्षति रेमलले गरेको छ। आयोगले रेमलले बुथमा पुञयाएको क्षतिको विस्तृत प्रतिवेदन जिल्ला अधिकारीलाई पठाएको छ।

****** ० ******

**टिस्टा बाढ़ पीड़ित**

टिस्टाका बाढ़ पीड़ित परिवारहरूलाई शीघ्र पुनर्वास गराउने माग गर्दै हाम्रो पार्टी अध्यक्ष अजय एड्वर्ड्ले राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीलाई पत्राचार गर्नु भएको छ। श्री एड्वर्ड्ले उक्त पत्रका प्रतिलिपिहरू केन्द्रिय परिवहन एवं यातायात मन्त्री नीतिन गड्करीए सिक्किमका मुख्यमन्त्री प्रेमसिंह गोलेए जीटीएका मुख्य सचिवए कालेबुङ र दार्जीलिङका जिल्लापालए जीटीएका मुख्य कार्यपालए एन.एच.पी.सीए रेलवे विभागलाई पनि पठाईएको हाम्रो पार्टीका केन्द्रिय कार्यकारी सचिव पुकार गहतराजले जानकारी दिनु भएकोछ।

****** ० ******

**जुवा -सिलगडी**

भक्तिनगर थानाका पुलिस ने हिज अबेर राती सिलिगुड़ी नगर निगमको वार्ड नंबर 41 अन्तर्गत शास्त्री नगरको एउटा घरबाट अबैध जुवा खेलेको आरोपमा ११ जनालाई पक्राउ गरेको छ स घर लाई जुवा खेल्ने अड्डा बनेको आरोपमा घर धनीलाई पनि पुलिसले पक्राउ गरेको छ।

****** ० ******

**मिरिक पंचायत -निरीक्षण**

मिरिक खण्ड अन्तर्गत फुवागडी उच्चतर माध्यमिक विधालयको बुनियादी समस्या समधान गर्ने दिशामा अग्रसर हुदै सौरैनी ग्राम पंचायत दुईका शिक्षा विभागीय संचालक रोजेस थापा अनि रोशन लामाले स्थलगत निरीक्षण गर्नुभएको छ। संचालक रोजेश थापाले विधालयमा विशेष बिधार्थीहरूको संख्यामा आईरहेको ह्रास र बिधालयको बिल्डिङको जीर्ण अवस्था साथै बिधार्थीहरूले प्रयोग गर्ने शौचालय लगायत बिधालयको विविध समस्याहरु बारे जानकारी लिइएको बताउनु भएको छ स उहाले ग्रामिण क्षेत्रका बिधार्थीहरु अध्ययन गर्ने सरकारी बिधालयहरुको ढाचागत बिकास जरुरी रहेको बताउनु भएको छ स

****** ० ******

**सिहलिला – मृतक उद्धार**

भारत-नेपाल सिमानामा अवस्थित सिंगालिला राष्ट्रिय निकुञ्जमा भेटिएको दुवै शवको पहिचान गरिएको छ। मृतकको शव उद्धार गरिएको छ स मृतकहरु मध्ये गेजिङ जिल्लाको एकजना र अर्को गेजिङ तिक्जेक निवासी रहेको पुष्टि भएको छ। उनीहरु गोचाला रुटको ट्रेकिङ गरिसकेपछि उत्तरेको एउटा होमस्ट्रेमा बास बसेर १६ मईको दिन सिंगालिला राष्ट्रिय निकुञ्जको भ्रमणमा निस्केका थिए। योक्सम निवासी मृतक पेशाले टुरिष्ट गाइड रहेको जानकारी प्राप्त भएको छ स

****** ० ******

**बामरांग गाउ -बाटोको समस्या**

सरकारले गाउँ बस्तीलाई मुख्य सडकसित जोड्न बिभिन्न सडक परियोजनहरु तयार परेता पनि बर्तमान प्राविधिक युगमा पनि सडक मिरिक महकुमा अन्तर्गत बामरांग गाउले सडकको सुबिधा पाउन सकेका छैनन् स यस युगमा पनि बामरांग गाउका नागरिकहरुले अझै पनि बसको फड्को मारेर पुल तर्न बाध्य छन् भने काधमा घन्टौ सम्म माल मत्ता बोकेर मूल सडक सम्म धाउन बाध्य छन् स भौगौलिक दृष्टिकोणले कृषियोग्य ठाउको रुप मा परिचित यस गावका नागरिकहरुले सम्बन्धित बिभाग सित् सैकडौ

पटक पत्राचार गरेता पनि  अझ सम्म सडक नपुगेको गुनासो पोखेका छन् स  गाउ  सम्म पुग्ने सडक मार्ग व्यवस्थित हुन सके  स्थानीय नागरिकहरुलाई धेरै सुबिधा हुने बताएका छन् स

****** ० ******

**रामकृष्ण मिशन केजीएफ पक्राउ**

**सिलगढीमा** रामकृष्ण मिशन**को सम्पत्ति भू-माफियाहरूद्वारा कब्जा गर्ने प्रयास गरेको घटनामा भक्ति नगर थाना पुलिसले केजीएफ ग्रूपको अझै  एकजना सदस्यलाई पक्राउ गरेको छ। पक्रा पर्ने आरोपी एमडी इरशाद हुन्। पुलिसले एमडी इरशादलाई गत राति सिलगढीको गाँधी नगर इलाकाबाट पक्राउ गरेको छ। उक्त मामिला निक्कै चर्चामा आएपछि अन्तमा भक्ति नगर थाना पुलिसले घटनाको चार दिनपछि केजीएफ ग्रुपका  ५  जना सदस्यहरूलाई पक्राउ गरेको छ भने रामकृष्ण मिशन मामिलामा पुलिसले हालसम्म  ८  जना आरोपीलाई पक्राउ गरिसकेको छ। तथापिए मुख्य आरोपी प्रदीप राय अझसम्म निखोज रहेको बताइएको छ। तिनको खोजीमा विभिन्न ठाउँमा हाल छापामारी  अभियान जारी रहेको  छ।**

****** ० ******